हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १५० पृष्ठ : ४ २०७७ पुस १५ गते बुधबार (Wednesday 30 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

सिरहा सदरमुकाममा प्रदर्शन

# भन्छन् 'संसद पुन:स्थापना गरेरै छाड्छौं'

**सिरहा ।** सदरमुकाम सिरहा बजारका सडक र चौक मंगलबार हसिया हथौडा अंकित झण्डाले भरिभराउ थिए । कारण, प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेको विरोधमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) प्रचण्ड–नेपाल समूहद्वारा मंगलबार सिरहा सदरमुकाममा विरोध सभा आयोजना गरिएको थियो । आयोजित विरोधसभालाई सम्बोधन गर्दै वक्ताहरूले संसद पुन :स्थापना गरेरै छाड्ने बताएका छन् । विरोध र्‍याली पछिको सभालाई सम्बोधन गर्दै वक्ताहरूले संविधानलाई नै धरापमा पार्नेगरी असंवैधानीक तरिकाले गरेको संसद विघटन आन्दोलनकै बलमा पुन:स्थापना गरिछाड्ने बताएका हुन् । प्रदेश सभा सदस्य तथा नेकपा जिल्ला अध्यक्ष रामकुमार यादवले प्रधानमन्त्री केपी शर्मा ओलीले दुईतिहाईको सरकार चलाउन नसकेपछि संसद विघटन गरेको आरोप लगाए । उनले प्रधानमन्त्री ओलीको स्वच्छाचारी तथा मनपरी तन्त्र टिक्न नसक्ने देखेपछि उनले संविधानलाई नै दाउमा लगाएर संसद विघटन गरेको बताए ।

नेकपाका केन्द्रीय सदस्य तथा प्रदेश सांसद जगत प्रसाद यादवले भारतीयहरूको योजना अनुसार प्रधानमन्त्री ओलीले संसद विघटन गरेको आरोप लगाए । उनले आन्दोलनबाटै संसद पुन :स्थापना र संविधानको रक्षा गर्ने बताए ।

प्रतिनिधीसभाका पूर्व सदस्य सुरेश चन्द्र यादवले पनि ओली सरकारको एकतन्त्रीय शासन ढाल्न आन्दोलनको विकल्प नरहेको बताए । उनले ओली सरकारले गरेको 'कू' को विरूद्धमा सम्पूर्ण जनसमूदाय, पार्टी नेता कार्यकता आन्दोलनमा होमीनुको विकल्प नरहेको बताए ।

सोही क्रममा प्रदेशसभा सदस्य अशोक यादवले प्रधानमन्त्री ओलीको एकतन्त्रीय सोचका कारण संसद विघटन गर्ने ठाउँमा पुगेको बताए । उनले विदेशी शक्तिहरूको चलखेल र ओलीको बहुलठ्ठी पनका कारण संसद विघटन भएको भन्दै ओलीलाई साइजमा ल्याउन आन्दोलनलाई निरन्तरता दिनुपर्ने बताए । प्रदर्शनमा गाउँ गाउँबाट गएका हजारौं नेता, कार्यकता तथा जनसमुदायको उपस्थिति रहेको थियो । प्रदर्शनमा सहभागीले प्रधानमन्त्री ओली र सरकार विरूद्ध चर्का नाराबाजी गरेका थिए ।








www.classic.com.np
11th ANNIVERSARY
INTERNET
IPTV

30 Mbps Rs. 1250
*Conditions apply.
Call us: 9801004477
sales@classic.com.np | fb.com/classictech
CLASSIC TECH
झ्योंा कि चल्यो


छिटो मनेको WORLDLINK
3C Rs. 1,250
6C Rs. 2,200
SPEEDमा BOOST नगदमा छुट
*Terms and Conditions Apply
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229


फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# काठमाडौंले पैसा त दिएन, ज्यान लियो

## सरकार र उखु किसानबीच सहमति भएपछि रित्तै घर फर्किन पर्यो भनेर चिन्तित थिए यादव

भनिन्छ नेपाल एक कृषि प्रधान देश । विडम्बना ! कृषि प्रधान मुलुकमा किसानहरू श्रमको ज्याला लिन आन्दोलन गर्न विवस छन् । आन्दोलनकै क्रममा एकजना किसानले मंगलबार ज्यान गुमाए । चिनी मिलले लामो समयदेखि उखुको बक्यौता नदिएको भन्दै पुसको चिसोमा काठमाडौंको माइतिघर मण्डलमा आन्दोलन गरिरहेका किसानमध्ये नारायण राय यादवको मंगलबार हृदयघातले मृत्यु भएको छ । काठमाडौंले पैसा दिलाइदिन्छ कि भन्दै आएका यादवले पैसा त पाएनन्, ज्यान भने गुमाए ।

रायलगायतका किसान सरकारले चिनी उद्योगीबाट पैसा दिलाइ दिन्छ कि भन्ने आशले पुसको चिसोमा १६ दिनसम्म माइतिघर मण्डललमा धर्ना बसे । तर दुःखको कुरा चिनी उद्योगीबाट उखुको पैसा त पाइन् बरू आन्दोलन गर्दा गर्दै सलार्हीका एक उखु किसानले ज्यान गुमाए ।

उखु किसान संघर्ष समितिका संरक्षक राकेश मिश्रले मंगलबार हृदयघातपछि उपचारका क्रममा उखु किसान नारायण राय यादवको निधन भएको जानकारी दिए । मिश्रका अनुसार मृतक यादवको अन्नपूर्ण चिनी मिलसँग २४ लाख ६३ हजार रूपैयाँ लिन बाँकी छ । उनी ६५ वर्षका थिए ।

मंगलबार गंगालाल अस्पतालमा उपचारका क्रममा उनको निधन भएको हो । यादवलाई मंगलबार बिहान छाती दुखेपछि चाबहिलस्थित हेल्पिङ ह्यान्ड्स अस्पतालमा भर्ना गरिएको थियो । 'हेल्पिङ ह्याण्ड अस्पतालले गंगालल रिफर गर्‍यो, अस्पताल पुर्‍याएको दुई घण्टामा उनको निधन भयो ।' मिश्रले भने । १६ दिन आन्दोलन गरेपछि यादवले अन्नपूर्ण सुगर मिलबाट १ लाख ६० हजार रूपैयाँ मात्र पाएका थिए ।

**२२ लाख ऋण छ**

महेन्द्र राय यादव मृतक यादवको नातेदार हुन् । राय यादवका अनुसार मृतक यादवले उखु खेती गर्दा बैंकबाट १८ लाख रूपैयाँ ऋण लिएका छन् । ब्याजसहित उनको अहिले बैंकलाई तिर्नुपर्ने करिब २२ लाख रूपैयाँ पुगेको छ ।

गतवर्ष पुस १८ मा सरकारसँग गरेको पाँच बुदे सम्भौता कार्यान्वयन नभएपछि उखु किसान २९ मंसिरदेखि आन्दोलन गरिरहेका थिए । उखु किसानको निरन्तरको आन्दोलनपछि चिनी मिलले उखु किसानलाई किस्तामा भुक्तानी गरिरहेको थियो । यादवले पनि अन्नपूर्ण मिलबाट करिब १ लाख ६० हजार रूपैयाँ पाएका थिए । उनले चिनी मिलले सबै पैसा नदिएसम्म घर नफर्किने बताउँदै आएका थिए । गतवर्ष सरकारले उखु किसानसँग गरेको सहमति कार्यान्यन नहुँदा यस पटक चिनी उद्योगबाट बाँकी लिनु पर्ने सबै पैसा नलिएर घर नजाने र सरकारसँग पनि कुनै सहमति नगर्ने बरू आन्दोलनमै मर्ने उखु किसान बताउँदै आएका थिए ।

चिनी उद्योगसँग पैसा लिन बाँकी किसानहरू यस पटक सरकारसँग कुनै सहमति गर्ने सोचमा थिएनन् । केही उखु किसानको असहमति हुँदा हुँदै सोमबार उखु किसान संर्षघ समितिले फेरी सरकारसँग चार बुँदे सहमति गरे । संर्षघ समितिले सरकारसँग चार बुँदे सहमति पछि उखु किसान नारायण राय यादव तनाबमा थिए ।

पुसको चिसोमा १६ दिन लामो आन्दोलन गरी फेरी रित्तै घर जानु पर्ने भयो भन्ने चिन्ताले तनाब बढ्दै गएपछि उनको छाति दुख्न सुरु भएको नातेदार यादले जानकारी दिए । एक्कसी तनाव बढ्दै गएपछि हृदयघातपछि उपचारका क्रममा उखु किसान नारायण राय यादवको निधन भएको नातेदार यादले जानकारी दिए ।*राजधानी डेलीडटकमबाट*

# सत्तामा नेकपा, सडकमा पनि

पार्टी विभाजन भएको ४ दिनपछि, पुस ९ गते प्रधानमन्त्रीनिवास बालुवाटार र कार्की पार्टी प्यालेस बबरमहल दुवैतिर विभाजित नेकपाको बैठक बसिरहेको थियो । कार्की पार्टी प्यालेसबाट पुष्पकमल दाहाल र माधवकुमार नेपाल नेतृत्वको नेकपाले पुस १० गतेदेखिको आन्दोलनको घोषणा गर्दै थियो ।

ठीक त्यही समयमा १ हजार १ सय ९९ सयको विस्तारित केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले नारायणकाजी श्रेष्ठलाई आन्दोलन परिचालन कमिटीको संयोजक तोकिएकोमा कटाक्ष गर्दै थिए । 'न जनयुद्ध लडेको, न जनआन्दोलनमा सहभागी भएको उसकै संयोजकत्वमा आन्दोलन !' ओलीले टिप्पणी गरेका थिए, 'खुट्टी हेर्दै चाल पाइयो !

आन्दोलन उठ्नु अगावै प्रधानमन्त्री ओलीले खुट्टा र नाडी छाम्ने प्रयास गरे पनि मंगलबारको प्रदर्शन–विरोधसभाको उपस्थिति, सहभागिताले आफूहरु उत्साहित भएको र संसद् विघटनप्रति जनआक्रोश चुलिएको दाहाल–नेपाल समूहले बताएका छन् । उनीहरूले प्रधानमन्त्रीको असंवैधानिक कदम सडकले नै सच्याइदिने र मङ्लबारको प्रदर्शनले त्यसको आधार निर्माण गरेकोसमेत जिकिर गरेका छन् ।

काठमाडौंमा तुलनात्मक रूपमा पार्टी संगठन राम्रो छ । पूर्वएमालेतर्फ माधव नेपाल महासचिव भएबेलादेखि नै काठमाडौंमा उनीहरु कमजोर थिए । पार्टी सदस्यता र जिल्लादेखि आधारभूत तहसम्मै संगठनमा ओली पक्षकै पकड थियो ।

त्यति मात्र नभई, पार्टी एकताको ३० महिना नपुग्दै विभाजित भएकाले तलका धेरै कार्यकर्ता निष्क्रिय बस्ने, दुवै पक्षमा नखुल्ने र प्रदर्शन प्रभावित हुने दाहाल–नेपाल पक्षको आशंका थियो । तर, काठमाडौँमै उत्साह जगाउनेगरी विरोध प्रदर्शन गर्न सकिएको बेदुराम भुसाल बताउँछन् । स्थायी कमिटी सदस्यसमेत रहेका भुसाल भन्छन्,"आन्दोलनको पहिलो दिन जतिको सहभागिता देखियो, त्यो उत्साहबर्द्धक हो ।" उनले ओली पक्षले काठमाडौं उपत्यकालगायत देशैभरको प्रदर्शनलाई कमजोर बनाउन पार्टी सङ्गठन, कार्यकर्तामात्र नभई, सत्ता पनि प्रयोग गरेको आरोप लगाए ।



**अक्षर काका**

'आन्दोलन रोक्न साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेका छन्,' उनी भन्छन्, 'सत्ताले त्यो प्रयत्न गर्दागर्दै पनि र छोटो समयको तयारीमै जुन प्रकारको उपस्थिति देखियो, त्यो निकै नै उत्साहपूर्ण हो ।'

**प्रधानमन्त्रीप्रति आक्रोशित, राष्ट्रपतिप्रति मौन**

सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को विभाजित एउटा पक्ष, दाहाल–नेपाल समूह पुस १० गतेदेखि नै प्रधानमन्त्री केपी शर्मा ओलीको संसद् विघटनको सिफारिस गर्ने कदमविरुद्ध चरणबद्ध आन्दोलनमा छ । पुस १० गते माइतीघर मण्डलामा बहुमत केन्द्रीय सदस्यहरु भेला भएर 'हामी यहाँ छौं अर्थात् बहुमत हामी हौं र आधिकारिकता पनि हामीले नै पाउनुपर्छ भनेर आन्दोलन गरेका थिए । र, त्यही दिन निर्वाचन आयोग पुगेर आफ्नो पक्षको तेस्रो केन्द्रीय कमिटी बैठकको निर्णयको जानकारीसमेत गराएका थिए ।

त्यसयता प्रधानमन्त्रीको पुस ५ गतेको कदमलाई असंवैधानिक र प्रतिगनको संज्ञा दिँदै दाहाल–नेपाल समूह दिनहुँ जसो आन्दोलनमा छ । पहिलो चरणको आन्दोलनको अन्तिम दिन मंगलबार उनीहरुले जनप्रदर्शनसहितको विरोधसभा आयोजना गरेका थिए ।

विरोधसभामा बोल्ने अधिकांश वक्ता प्रधानमन्त्री ओलीविरुद्ध आक्रामक देखिए । प्रधानमन्त्री ओली प्रतिक्रान्तिकारीहरूको गोटी बन्दै संविधानको हत्या गर्ने र मुलुकलाई प्रतिगमनतिर धकेल्ने चेष्टा गरेको आरोप लगाए । राष्ट्रपति विद्या भण्डारीप्रति भने उनीहरूले कुनै रोष प्रकट गरेनन् । विरोधका वचनसमेत बोलेनन् ।

अनौपचारिक संवादहरूमा राष्ट्रपति भण्डारीप्रति खरो रूपमा प्रस्तुत हुने, शीतलनिवासमा बसेर ओलीको गुटको संरक्षण गरेको आरोप लगाउने उनीहरूले राष्ट्रपतिविरुद्ध मुख खोलेनन् । पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एकपटक मात्रै प्रधानमन्त्री र राष्ट्रपतिले प्रतिनिधिसभा भङ्ग गर्न नपाउने र संविधानमा त्यो प्रावधान नरहेको बाहेक राष्ट्रपतिविरुद्ध कुनै शब्द प्रयोग गरेनन् ।

'हुँदै नभएको व्यवस्था, हुने नभएको अधिकार प्रयोग गरेर केपी शर्मा ओलीले संसद् विघटन गर्नुभयो, त्यो गलत छ । सदन भङ्ग भएको छैन । हामी माननीय सदस्यहरु अहिले पनि जीवित छौं,' विरोध सभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले भने, 'भंग भएको त केपी ओलीको सरकार हो । संविधानविरोधी काम गरेर केपी ओलीले आफूले आफैँलाई विघटन गराएका छन् । केपी ओलीले इतिहासका कलंकको टीका लगाएका छन् । त्यो कहित्यै मेटिँदैन । जबसम्म केपी ओलीले पश्चाताप गर्ने छैनन्, लोकतन्त्रमाथि मैले घात गरेँ, आफैँले बनाएको संविधानको बलात्कार गरेँ मैले, म अपराधी हुँ भन्ने छैनन्, तबसम्म इतिहासले उनलाई माफी दिने छैन ।'

वक्ताका रूपमा रहेका पार्टीका समान वरीयताका अध्यक्ष माधवकुमार नेपाल पनि ओलीप्रति नै आक्रामक रहे । ओली प्रधानमन्त्रीमा निर्वाचित भएपछि जनतालाई सुख कम दुःख ज्यादा दिएको, मान कम, अपमान ज्यादा गरेको टिप्पणी गरे ।

'प्रधानमन्त्रीजी तपाईंमा लोकतान्त्रिक आचरण रहेन्छ । कम्युनिस्ट आचरण, संस्कार रहेन्छ । न कम्युनिस्ट चरित्र छ तपाईंमा,' नेता नेपालले ओलीप्रति टिप्पणी गरे, 'तपाईंमा सल्लाह गर्ने, सहमतिमा चल्ने, सामूहिकतामा विश्वास गर्ने बानी छैन । त्यसो भएर पार्टीभित्र हामीले भन्यौं– केपी ओलीमा व्यक्तिवाद छ । केपी शर्मा ओलीमा गुटवादी प्रवृत्ति छ । केपी शर्मा ओलीमा निरकुंश चरित्र छ । र, उहाँमा बदलाको भावना छ । उहाँको हृदयमा विशालता छैन, सबैलाई समेटेर जान चाहनुहुन्न । न उहाँ राष्ट्रियताको विषयमा दह्रो गरी उभिनुभएको छ । उहाँ खाली 'म्यानुपुलेसन'मा विश्वास गर्नुहुन्छ ।'

नेता नेपालले केपी ओलीमा 'केपीबा' प्रवृत्ति रहेको र त्यो सामन्ती संस्कारकै निरन्तरता भएकोसमेत आरोप लगाएका थिए ।

तर, उनले राष्ट्रपतिप्रति कुनै विरोधमा शब्द खर्चिएनन् । उनले मात्र होइन, वरिष्ठ नेता झलनाथ खनाल, विरोधसभाको अध्यक्षता गरेका प्रवक्ता तथा केन्द्रीय सङ्घर्ष समितिका संयोजक नारायणकाजी श्रेष्ठ र स्वागत मन्तव्य दिएकी स्थायी कमिटी सदस्य अष्टलक्ष्मी शाक्यले पनि राष्ट्रपति लक्षित गरेर कुनै विरोध, आक्रोश राखेनन् ।

संसद् विघटन गर्ने सिफारिस प्रधानमन्त्री ओलीको भएकाले राष्ट्रपतिप्रति त्यति नेताहरूले विरोध नगरेको बेदुराम भुसाल बताउँछन् । यद्यपि, विरोध प्रदर्शनमा भने राष्ट्रपतिविरुद्ध उत्तेजक र भद्दा नारा नै लागेका थिए । 'संसद् विघटनको मुख्य दोषी प्रधानमन्त्री नै हुन्, राष्ट्रपति विद्यादेवी भण्डारीले उनको सिफारिस कार्यान्वयन न गरेको हो,' भुसाल थप्छन् ।

**सत्तामा नेकपा, सडकमा पनि**

विरोध सभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले पाँच वर्ष सरकार चलाउने म्यान्डेटका साथ जनअनुमोदित भएर आएको पार्टीले तीन वर्ष पुग्दानपुग्दै सडक आन्दोलनको नेतृत्व गर्नुपर्ने परिस्थितिमा आइपुगेको भनेर चिन्ता व्यक्त गरे । उनले यो परिस्थितिमा पार्टी आइपुग्ला भनेर सोच्दा पनि नसोचेको बताए ।

'यति छिट्टै हामी प्रतिगमनका विरुद्ध सङ्घर्षको मैदानमा उत्रिनुपर्ला भनेर हामीलाई लागेको थिएन । जतिबेला हामीले वाम गठबन्धन गरेर, पार्टी एकताको संकल्प गरेर, निर्वाचनमा गएका थियौं, सिङ्गो पार्टी पंक्ति र जनसमुदायले अपार उत्साहका साथ त्यो

———बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- दान-पुण्यजस्ता कार्यमा सहभागी भइनेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आत्मिक सन्तुष्टि मिल्नेछ । शुभकार्यको चर्चा रहला ।

**वृष** :- आज आफ्नो वाक्चतुर्याईँले स‌ल्प सिद्ध हुनेछ । कला र गलाको प्रभाव बढ्नेछ । वाहान लाभ हुने समय छ । जोश जाँगर र हिम्मत बढ्नेछ ।

**मिथुन**:- आज बन्धु बान्धवबाट सहयोग मिल्नेछ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । स्वास्थ्यमा सुधार आउला ।

**कर्कट** :- आज आफन्तको प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ । आर्थिक क्षेत्रमा सोचेजस्तै लाभ लिन सक्छ ।

**सिंह**:- आज रचनात्मक कार्यबाट अरूको मन जित्न सकिने छ । व्यापार व्यवसायमा प्रगति होला । नयाँ कार्य वा रोजगारको अवसर पनि मिल्नेछ ।

**कन्या** :- आज आफन्तको प्रगतिमा मन रमाउनेछ । विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ । आर्थिक क्षेत्रमा सोचेजस्तै लाभ लिन सक्छ ।

**तुला** :- श्रमको उचित मुल्याङ्कन हुनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ कामको थालनी हुनेछ ।

**वृश्चिक** :- आज सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । द्रुत गतिमा सवारी चलाउँदा विपत्ति आइलाग्न सक्छ, सचेत रहनुहोला ।

**धनु** :- आज सद्विचारले अभिप्रेरित हुनेहरुलाई बढी लाभ मिल्दै जानेछ । प्रेममा सफलता पाईनेछ । महिला वर्ग बाट विशेष सहयमेग मिल्नेछ ।

**मकर**:- अनुहारमा कान्ति र मनमा शान्ति छाउने छ । पारिवार संग रमाइलो भेटघाट हुनेछ । प्रेममा मधुरता छाउला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कुम्भ**:- दिन मनोरञ्जनपूर्ण रहनेछ । सामाजिक कामको दायित्व बढ्नेछ । व्यवसायका लागि यात्रा सम्भावना छ, तर घरायसी व्यवहारबाट टाढै बस्नु होला ।

**मिन** :- लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको समय छ । मेहनतीहरूका लागि दिन फलदायी नै रहनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

# सखुवानन्कारकट्टीमा 'अविभेद तथा सामाजिक समावेशीकरण'का संवैधानिक व्यवस्था कार्यान्वयन सम्बन्धी सम्वाद कार्यक्रम





**लहान ।** सिरहाको सखुवानन्कारकट्टी गाउँपालिकामा 'अविभेद तथा सामाजिक समावेशीकरण' का संवैधानिक व्यवस्था कार्यान्वयन सम्बन्धी सम्वाद कार्यक्रम आयोजना गरिएको छ ।

संविधानमा भएका अविभेदकारी प्रावधानहरूको विश्लेषण गरी सरोकारवालाहरूको बुझाइमा वृद्धि गर्ने, अविभेद र समावेशीकरणको प्रवर्द्धनका लागि स्थानीय सरकारले सम्बोधन गर्नुपर्ने नीतिगत सवालहरूको पहिचान गरी आवश्यक सुझाव दिने, नीति निर्माणका प्रक्रियामा नागरिक समाजका संगठन र नागरिकको सहभागिता वृद्धि गर्न नीति विमर्शको आधार तयार गर्ने उद्धेश्यले नेपाल राष्ट्रिय दलित समाज कल्याण सिंघ सिरहाद्वारा कार्यक्रम आयोजना गरिएको हो । संघका जिल्ला अध्यक्ष मोहन पासवानको अध्यक्षता र कार्यक्रम संयोजक जयराम विश्वकर्माले सञ्चालन गरेको कार्यक्रममा 'स्थानीय तहमा अविभेद तथा सामाजिक समावेशीकरणका संवैधानिक व्यवस्था कार्यान्वयन : अडान पत्र, २०७७' प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले समाजिक न्याय र सार्वजनिक सेवा प्रवाहको महत्वका दृष्टिकोणबाट स्थानीय तह राज्यको पहिलो खम्बा मानिने भएकाले संविधानले स्थानीय सरकारलाई प्रदान गरेका २२ प्रकारका एकल अधिकार र १५ प्रकारका संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको प्रयोग गरी दलित तथा सिमान्तकृत समुदायको विकासको लागि र अविभेद तथा सामानताको क्षेत्रमा थुप्रै काम गर्न सक्ने प्रावधानहरू स्थानीय तहका लागि सम्भावना र अवसरको रूपमा रहेको औल्याएका थिए ।

कार्यक्रममा स्थानीय तहमा समावेशीकरण तथा दलित समुदायलाई मूल प्रवाहीकरणमा ल्याउनका लागी अडान पत्रमा उल्लेखित आर्थिक क्षेत्रका सशक्तीकरण, समावेशीकरण र मूलप्रवाहीकरण, सामाजिक तथा सांस्कृतिक क्षेत्रको सशक्तीकरण, समावेशीकरण र मूलप्रवाहीकरणका लागि चालिनुपर्ने कदमका लागि जनप्रतिनिधिहरूले आ–आफ्ना धारणा राखेका थिए । सखुवानन्कारकट्टी गाउँपालिकाका ५ वटै वडाका वडाध्यक्ष र गाउँपालिका उपाध्यक्षले कार्यक्रममा प्रस्तुत अडान पत्र कार्यान्यनका लागि ऐक्यबद्धता जनाउँदै दलित समुदायको परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास, भूमि, प्राकृतिक स्रोत साधनमा पहुँच पुऱ्याउँन कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता समेत जनाए ।

त्यसैगरी रोजगारी, न्यायिकज्याला र श्रम शोषणको अन्त्य, चेतना, साक्षरता एवं शिक्षा, सामाजिक तथा सांस्कृतिक हानीकारक परम्परा, सामाजिक तथा सांस्कृतिक हानीकारक परम्परा अन्त्यका लागि वडास्तर र गाउँपालिकाबाट पहलकदमी गर्ने समेत प्रतिबद्धता जनाए ।

त्यसैगरी स्वास्थ्य तथा सरसफाई, स्थानीय तहका समिती संरचनामा दलित समुदायको पहुँच, प्रतिनिधित्व र समावेशिताका लागि छुवाछूत तथा भेदभावको अन्त्य गरिने र सरकारी सेवामा दलित समुदायलाई प्राथमिकतामा राखेर काम गर्ने बताए । कार्यक्रममा सखुवानन्कारकट्टी गाउँपालिकाका वडाध्यक्षहरू वडा नम्बर १ का शुभ नारायण यादव, २ का बिल्टु यादव, ३ का महेन्द्र प्रसाद यादव, ४ का रमेश कुमार यादव, ५ का बैधनाथ यादवले अडान पत्रमा समाविष्ट बुँदाहरूलाई आफ्ना वडा र गाउँपालिकामा कार्यान्यनका लागि प्रतिबद्ध भएर लागि पर्ने बताए ।

कार्यक्रममा प्रमुख अतिथि सखुवानन्कारकट्टी गाउँपालिकाका उपाध्यक्ष अमलादेवी यादवले स्थानीय तहले सरकारी सेवामा दलित तथा अन्य सिमान्तकृत समुदायका लागि सकरात्मक उपायको रूपमा आरक्षणको नीति बनाई लागू गर्ने र आवश्यकताको आधारमा बढोत्तरीको सिद्धान्त अवलम्बन गर्दै आरक्षणलाई प्रभावकारी बनाउन सहयोगी वातावरण निमार्णको लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन लक्ष्य निर्धारण र सोही अनुसार नीति, योजना र कार्यक्रम लागू गर्ने प्रतिबद्धता जनाइन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

## *शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा


धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# अरुलाई बदल्ने कि आफु बद्लिने ?

अरूलाई बदल्न जति असहज वा असंभव हुन्छ, आफुलाई बदल्न उत्तिनै सहज हुन्छ । अरूलाई राम्रो बनाएर संसार राम्रो देखिने होइन । आफु राम्रो भएपछि संसार राम्रो देखिने हो । अर्थात बस्तुलाई आफ्नो रूची अनुरूपको रंगमा बदल्ने होइन, बरू आफ्नो हेराई बदल्ने हो ।



हामी अक्सर गुनासो गर्छौं, 'फलानोले यसो गर्‍यो, उसो गर्‍यो ।' अर्काको व्यवहार र विचारबाट हामी कहिले खुसी त कहिले दुखी भइरहेका हुन्छौं ।

धेरैजसो त हामी अरूबाट बढी अपेक्षा राख्छौं । अरूलाई आफु अनुकुल बनाउने प्रयास गर्छौं । अरूले के गर्छ, के भन्छ, के सोच्छ, त्यसमा सरोकार राख्छौं । हो, यही कुराले हामीलाई दुखी तुल्याउँछ । निरास तुल्याउँछ । किनभने संसारमा कुनैपनि व्यक्ति हामीले सोचेजस्तो हुन सक्दैन । हामी आफुलाई जसरी सोच्छौं, उसले पनि उसको जीवनलाई त्यसैगरी सोचेको हुन्छ । उसको निम्ती हामी अनुकुल हुन सक्दैनौ भने अरूबाट हामीले किन त्यस्तो अपेक्षा राख्ने ? अब हामी आफैलाई बदलेर हेरौं । सबै कुरा राम्रो देखिनेछ । सबै राम्रो लाग्ने छ । हामी के कुरामा जोड दिन्छौं भने, मेरो सबै समस्याहरू सल्टाउन पाइयोस् । मेरो समस्या सबैले बुझ्ने हुन्थ्यो । मेरो समस्या समाधानका लागि सबैले सहयोग गरे हुन्थ्यो ।

अब यही कुरा हामी अर्काको आँखाबाट हेरौं । फालनोको समस्या मैले बुझिदिनुपर्छ । फलानोको समस्या समाधानका लागि मैले पहल गरिदिनुपर्छ । हो, यो ढंगले हामी कहिल्यै सोच्छौं ।

हामी सधै आफुलाई केन्द्रमा राखेर सोच्छौं । त्यही कारण अरूबाट हामी केही न केही अपेक्षा गरिरहेका हुन्छौं । तर, अरूको पनि आफ्नै समस्या हुन्छन्, आफ्नै अप्ठ्यारा हुन्छन् । उनीहरूलाई आफ्नै समस्याले घेराबन्दीमा पारेको हुन्छ । त्यस्तो अवस्थामा हामी आफ्नो मात्र कुरालाई महत्व दिएर सोच्नु बेकार हुन्छ । हाम्रो नराम्रो बानी भनेको, अरूलाई दोष दिने हो । आफ्नो काम ठिक ढंगले सम्पन्न भएन, आफुले सोचेजस्तो सबैकुरा ठिकठाक भएन भने हामी अरूलाई दोष दिन्छौं । अरूप्रति नकारात्मक धारणा बनाउँछौं ।

तर, हामी आफ्नो लागि हामी आफै दोषी हुन्छौं ।

संसारका सबै मानिसको व्यवहार, बुझाई, हेराई एकनास हुँदैन । मैले जुन कुरालाई राम्रो देखें, त्यो कुरालाई उसले पनि त्यही दृष्टिले हेर्नुपर्छ भन्ने छैन । मैले कुनैपनि कुरालाई जसरी बुझें, त्यो कुरालाई उसले पनि त्यसरी नै बुझ्नुपर्छ भन्ने छैन । तर, हामी के चाहन्छौं भने, मैले जे देखें, जसरी बुझें त्यही अनुरूप अरूले पनि बुझ्नुपर्छ । यो गलत धारणा हो ।

मानिसको सोंच, सोच्ने तह, धरातल अलग हुन्छ । हामीले त्यसलाई बदल्न सक्दैनौं ।

आफुलाई बदल्ने एउटै कडी भनेको आफु सकारात्मक रहने हो । सबैप्रति समान दृष्टिकोण र धारणा राख्ने हो । संसारमा कोही पनि कहिले पनि पूर्ण हुन सक्दैन । तर, अपूर्ण हुँदैमा निरास हुनुपर्ने केही छैन । अपूर्ण हुँदैमा सबै कुरा तहसनहस हुने पनि होइन । जे, जति उपलब्ध छ, त्यसैमा रमाउनुपर्छ । जे छ, त्यसमै सन्तुष्ट गर्नुपर्छ । सबै कुराप्रति सकारात्मक दृष्टि र सोंच राख्नुपर्छ । यसले हामीलाई कहिल्यै दुखी हुन दिनेछैन । *अनलाईनखबरबाट*

## सत्तामा ...


पार्टी एकताको संकल्पलाई र वाम गठबन्धनलाई स्वीकार गरेको थियो,' उनले विरोध सभाको सुरूआतमै भने, 'झन्डै दुईतिहाइ मत दिएर जनताले त्यसलाई अनुमोदन गरेका थिए । तीन वर्ष पुग्दानपुग्दै यो दिन आउला भनेर हामीले सोचेका थिएनौं ।'

प्रचण्डले भनेझैं पार्टीभित्रको आन्तरिक विग्रहलाई समुचित व्यवस्थापन गर्न नसक्दा सत्तारूढ पार्टी नेकपा विभाजित भएर एउटा समूह सडक आन्दोलनको अगुवाइ गर्ने तहमा पुगेको छ । प्रधानमन्त्री ओलीले नेतृत्व गरेको अर्को समूह नयाँ, ताजा जनादेशमा जाने उद्घोषका साथ चुनावी तयारीमा जुटेको छ । प्रधानमन्त्री ओलीले पार्टीभित्रको विग्रहले कामै गर्न नपाएको कुरा जनतालाई प्रभावकारीरूपमा भन्ने र दुई तिहाइ जनमतका साथ पुनः सरकारको नेतृत्व गर्ने उद्घोष पनि गरेका छन् ।

७ वटै प्रदेशमा नयाँ संयोजकहरु तोकेर पार्टी सङ्गठन निर्माण र चुनावी तयारी एकैसाथ गर्ने योजना पनि ओली पक्षले बनाएको छ ।*बाह्रखरीबाट*

# बेलायतबाट फर्किएका संक्रमितको जिन सिक्विन्सिङ अन्यौलमा

बेलायतबाट फर्किएका ५ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएपछि नेपालमा पनि बेलायतको जस्तै नयाँ स्वरूपको संक्रमण देखिएको हो की भन्ने आशंका गरिएको छ । तर, जिन सिक्विन्सिङ नगरिकन भाइरसको स्वरूप थाहा नपाइने भएकाले त्यसबारे निर्क्यौल गर्न समय लाग्ने स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।



जिन सिक्विनिङको लागि स्वास्थ्य तथा जनसत्या मन्त्रालयले टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई निर्देशन दिएको छ । तर, त्यसका लागि कुनै निर्णय भइनसकेको प्रयोशालाकी निर्देशक डा. रूणा झा बताउँछिन् ।

उनका अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा जिन सिक्विनिङको लागि आवश्यक पुर्वाधार नभएकाले तत्कालै सिक्विनिङ गर्न सम्भवन नभएको हो । 'जिन सिक्विनिङको लागि के गर्ने भनेर डब्लुएचओसँग छलफल गरिरहेका छौं तर, कुनै निष्कर्ष निकालिएको छैन', उनले भनिन्, 'गर्ने कि नगर्ने र गर्दा कहाँ गर्ने भन्ने विषयमा छलफलमा जारी छ ।'

यसअघि सेन्टर फर मलिकुलर डायनामिक्स (सिएमडिएन) नेपालसँग सहकार्य गरेर राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्ले ( एनएचआरसी) गत अगस्टमा जिन सिक्विनिङ अध्ययन गरेको थियो । त्यसवेलाको अध्ययनले नेपालमा देखिएको कोरोना भाइरसको प्रकृति भारतमा देखिएकोसँग मिल्दोजल्दो भएको देखाएको थियो ।

अहिले पनि आफ्नो प्रयोगशालामा जिन सिक्विनिङ गर्न सकिने सिएमडिएनका निर्देशक डा. समिरमणि दिक्षित बताउँछन् । 'हामीलाई जिन सिक्विनिङ गर्न प्रस्ताव आएको छैन, आए नतिजा दिन तयार छौं, डाक्टर दिक्षितले भने, 'हामीसँग रिएजेण्ट र जनशक्ति सबै छ ।' पुस महिनामा बेलायतबाट आएका १९३ जना नै क्वारेन्टिनमा रहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डाक्टर वासुदेव पाण्डे बताउँछन् । उनीहरूमध्ये कसैलाई पनि स्वास्थ्य समस्या नदेखिएको उनको भनाइ छ । पाण्डेका अनुसार मंगलबार मात्रै बेलायतबाट फर्किएका १४ जनाको कोभिड परीक्षण गरिएको थियो, जसमध्ये १२ जनाको नेगेटिभ आएको छ भने २ जनाको रिपोर्ट आउन बाँकी छ । 'अहिले कसैलाई पनि लक्षण देखिएको छैन, तैपनि बेलायतबाट आएकाले हामी परीक्षण गर्छौं, डाक्टर पाण्डेले भने, 'हामीले क्वारेन्टिनमा बसेका सबैलाई स्वास्थ्यमा समस्या आए खबर गर्न भनेका छौं ।' नयाँ किसिमको कोरोना भाइरस प्रवेश गरेको खण्डमा सतर्क हुपर्ने भएपनि अत्तालिनु नपर्ने जनस्वास्थ्य विज्ञहरू बताउँछन् । 'कोरोना भाइरसको नयाँ स्वरूप बेलायतमा मात्र होइन, अन्य देशमा अनेक स्वरूपमा पनि हुनसक्छ', भाइरोलोजिस्ट समेत रहेका डाक्टर दिक्षित भन्छन्, 'यो अन्य नयाँ भाइरस नभएर कोरोनाकै अर्को स्वरूप हो, त्यसैले धेरै अत्तालिनु पर्दैन ।' उनका अनुसार कोरोना भाइरस फैलिएको लामो समय भएकाले नयाँ स्वरूपमा परिवर्तन हुनु सामान्य जस्तै हो । बेलायतमा देखिएको भन्दा फरक किसिमको स्वरूपमा देखिए पनि अनौठो नहुने उनको भनाइ छ । उनी भन्छन्, 'भाइरसहरूले रूप परिवर्तन गर्‍यो भन्दैमा अत्तालिनु जरूरी छैन तर सतर्क भने रहनुपर्छ ।' डाक्टर दिक्षितले भनेझैं सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) ले पनि नयाँ स्वरूपको यो भाइरस छिटो फैलिने बताएपनि यसले एकदम सिकिस्त बिरामी बनाउने वा मृत्युको जोखिम बढाउने वा नबढाउने भन्नेमा केही भनिसकेको छैन । सीडीसीको 'इम्पिलेकेसन्स अफ इमरजिङ सार्स कोभिड टु भेरियन्ट' नामक अध्ययनले भाइरसमा देखिएको संरचनामा परिवर्तन (म्युटेशन) भएसँगै यो नयाँ प्रकारको कोरोना भाइरस छिटो फैलिने थाहा भएको हो ।

संक्रामक रोग विशेषज्ञ डाक्टर प्रभात अधिकारी पनि लामो समयसम्म महामारी फैलिएपछि भाइरसले संरचना परिवर्तन गर्नु सामान्य जस्तै रहेको बताउँछन् । नेपालमा पनि भाइरसले रूप परिवर्तन गरेको हुनसक्ने उनको आशंका छ । भन्छन्, 'बेलायतमा देखिएको भन्दा नयाँ स्वरूपको भाइरस पनि देखिन सक्छ, त्यसैले जिन सिक्विनिङ गर्न तत्काल आवश्यक छ ।' *अनलाईनखबरबाट*

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६११९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)